नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
राष्ट्रिय फलफूल विकास केन्द्र

# शीतोष्ण बागवानी विकास केन्द्र

मार्फा, मुस्ताङ्ग

## सिलबन्दी दरभाउपत्र आव्हान गरिएको सूचना

प्रथम पटक प्रकाशित मितिः २०८०/०४/२६

शीतोष्ण बागबानी विकास केन्द्र, मार्फा, मुस्ताङ्गको लागी आवश्यक पर्ने कृषि तथा फलफूल र तन्तु प्रजनन् प्रयोगशाला संग सम्बन्धीत उपकरणहरु खरिद तथा ढुवानी गर्नुपर्ने भएकोले नियमानुसार इजाजत प्राप्त इच्छुक फर्म/सप्लायर्सहरुबाट निम्न शर्तहरुको अधीनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्न आव्हान गरिएको छ।

**शर्तहरु:**

१. सिलबन्दी दरभाउपत्र दाखिला गर्दा फर्म सञ्चालकको नेपाली ना.प्र.प., मु.अ.क. दर्ता प्रमाणपत्र, आ.ब. २०७८/०७९ सम्मको करचुक्ता प्रमाणपत्र, नबीकरण इजाजत पत्र, आय कर दर्ता प्रमाणत्रहरुको १/१ प्रति प्रतिलिपी संलग्न गरी लिखित निवेदन दिइ यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयबाट दरभाउपत्र खरिद गर्न सकिनेछ।

२. दरभाउपत्र खरिदकर्ताले कारोबार गर्न अयोग्य नभएको र कालोसूचीमा नपरेको स्वघोषणा अनिवार्य पेश गर्नुपर्ने छ।

३. दरभाउपत्र फाराम बापत नगदै रु. १,०००/- (फिर्ता नहुने गरी) तिरी कार्यालयबाट मिति २०८०/०४/२६ गते देखि २०८०/०५/०८ गते सम्म कार्यालय समय भित्र खरिद गर्न सकिनेछ। मिति २०८०/०५/०९ गते सार्वजनिक बिदा भएकोले खरिद गरिएका सिलबन्दी दरभाउपत्रहरु मिति २०८०/०५/१० गते दिनको १२:०० बजेभित्र कार्यालयमा दर्ता गरिसक्नुपर्नेछ। दर्ता भएका दरभाउपत्रहरु सोही दिनको ३:०० बजे कार्यालयमा खोलिनेछ। रीतपूर्वक पेश नभएका र म्याद नाघी आएका दरभाउपत्र माथि कुनै कारबाही गरिने छैन। दरभाउपत्रदाता वा प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

४. दरभाउपत्रको मान्य अवधि दरभाउपत्र खोलेको मितिदेखि ४५ दिनको हुनेछ। दरभाउपत्र साथ रु. ६०,०००/- रकम बराबरको (क) वर्गको बाणिज्य बैंकबाट जारी भएको कम्तीमा ९० दिन म्याद भएको दरभाउपत्र जमानत (Bid Security) पेश गर्नुपर्नेछ वा दरभाउपत्र जमानत बापत नगदै नेपाल बैंक लि., जोमसोम शाखा स्थित कोष तथा लेखा नियन्त्रक कार्यालय, मुस्ताङ्गको नाममा रहेको क २.३ धरौटी खाता नं. ०६८०१०००००२००३००००००१ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्ने छ।

५. दरभाउपत्र खरिद गर्ने र पेश गर्ने दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट हुनेछ। यसो भएता पनि दरभाउपत्र जमानत र दरभाउपत्रको मान्य अवधि माथि उल्लेखित नै हुनेछ।

६. दरभाउपत्र स्वीकृत गर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस केन्द्रमा निहित हुनेछ।

७. यस सूचनामा उल्लेख नभएको सम्बन्धमा प्रचलित नियम कानुन बमोजिम हुनेछ। थप जानकारीको लागि यस कार्यालयमा वा ९८५७६२०५१५, ९८५७६५२०३४, ९८६०४३०५३६, ९८५७६५१०३४, ९८५७६३२०१५ मा सम्पर्क राख्न सकिनेछ।

तपशिल

| दरभाउपत्र. नं. | विवरण | अनुमानित ल.इ. रकम रु. (भ्याट सहित) |
|---|---|---|
| THDC/080-81/GOODS/03 | कृषिजन्य, फलफूल र तन्तु प्रजनन् संग सम्बन्धीत उपकरणहरु | २०,००,०००।- |

**केन्द्र प्रमुख**